# फौजदारी कानुन सुधार परियोजना

[यो पृष्ठ ६ अगस्ट २०२० को रातिको १२३० बजे (भारत को समय) मा अन्तिम पटक अद्यावधिक गरेको थियो । यसमा लेखिएका जानकारीहरू स्वतन्त्र रूपमा बिना कुनै रोकतोक पुनः उत्पादन र बाँड्न सक्नुहुनेछ ।]

यो वेबसाईटको उद्देश्य गृह मन्त्रालयले गठन गरेको फौजदारी कानुन सुधार समिति माथि गरिएको टिप्पणीहरू जम्मा गरेर सबैलाई उपलब्ध गराउनु हो । समितिको कार्यादेश स्पष्ट नभएपनि समितिले भारतको फौजदारी कानुनमा आमूल परिवर्तन गर्ने उद्देश्य लिएको भनेर बुझिन्छ । यसले भारतमा फौजदारी कानुन लागु हुने भारतका प्रत्येक व्यक्तिलाई गम्भीर असर पुर्याउने छ, चाहे त्यो अपराधको पिडित वा अभियोगी होस् वा केवल एक न्यायपूर्ण शान्त समाजमा बस्न चाहने एउटा साधारण व्यक्ति होस् । त्यस माथि फौजदारी न्याय प्रणालीले मानिसहरूलाई फरक-फरक असर गर्छ । धार्मिक अल्पसंख्यक तथा गरिब, दलित तथा आदिवासी समुदायले प्रहरी हिम्सा, पुर्पक्ष अघि लामो अवधिको लागि थुना, कठोर सजाय तथा कमसल कानुनी प्रतिनिधित्व बाट फौजदारी न्याय प्रणालीको भार खेप्नु पर्छ । महिला, समलिंगी तथा लैंगिक अल्पसंख्यकहरु, जसले धेरै मात्रामा लैंगिक हिम्सा अनुभव गर्छन् उनीहरुलाई धेरै जसो फौजदारी न्याय प्रणालीले निराश गर्छ । हामी हरेकलाई र विशेष गरि हाम्रो समुदायको निकै सिमान्त्रकितहरूलाई फौजदारी कानुनको परिवर्तनले प्रभाव पर्ने भएकोले के भईहेको छ भनेर बुझ्न निकै महत्वपूर्ण हुन्छ । हाल भईरहेको परिवर्तनको प्रकृयामा रहेको समस्याहरु बुझ्न  मद्दत गर्नु यो वेबसाईटको उद्धेश्य हो ।

यो पृष्ठमा हामीले समितिको संरचना र संचालन सम्बन्धी मुख्य आपत्तिहरुको संछिप्त विवरण उल्लेख गरेका छौं । यी आपत्तिहरु मुख्य रूपमा समितिको संरचनामा प्रतिनिधित्व मुखी नरहेको, यसको असमावेशी  विधि, अपारदर्शी संचालन, सोधिएको प्रश्नावलीको स्वरूप तथा काम पुरा गर्न संकुन्चित समयरेखा सँग सम्बन्धित छन् । कानुनी तालिम पाएका र नपाएका सबैलाई पहुँच हुने गरि हामीलाई लागेको आपत्तिहरुको छलफल गर्ने प्रयास गरेका छौं । समितिको संचालन एक सार्वजनिक चासोको विषय हो र यसबारे सबैजना चासो लिनु पर्छ भन्ने मान्यतालाई सुदृढ गर्नु हाम्रो लक्ष हो ।

समितिको उद्धेश्य संवैधानिक मूल्य मान्यता तथा व्यक्ति, समाज र देशको सुरक्षालाई प्राथमिकता दिएर परिवर्तन गर्नु हो भनि लेखिएतापनि यो एक अप्ठ्यारो समयमा आएको छ । देशवासीहरु विश्वव्यापी कोभिड-१९ (कोरोना) महामारी बाट दुख पाइरहेका बेला नागरिकको श्रम, वातावरण तथा

भूमि हकलाई असर गर्नेगरि सरकारले विभिन्न किसिमको धैरै असर पार्ने खालका 'सुधार' प्रस्ताव गरेको छ । सरकारले छनिछानि राष्ट्रिय सुरक्षा ऐन, १९८० (एन.एस.ए.) र गैरकानुनी गतिविधि (प्रतिबन्ध) ऐन, १९६७ (यु.ए.पि.ए.) जस्ता कठोर फौजदारी कानुन सामाजिक कार्यकर्ता, विद्यार्थी, अल्पसंख्यक, शिक्षाविद समेतको विरुद्ध प्रयोग गर्दै आएको छ । यस पृष्ठभूमिमा निमित्त फौजदारी कानुनको विभिन्न पक्षहरुको सुधार गर्ने गरि ठुलो असर पार्ने कार्यादेश पाएको समितिको संचालन निकै पारदर्शी र उत्तरदायी हुन आवश्यक छ जसले गर्दा न्याय र निष्पक्षताको मूल्यलाई अडिग राख्नेछ । फौजदारी कानुनमा सुधारको आवश्यकता भएतापनि निम्न समस्याहरुले गर्दा यस समितिले आफ्नो दायित्व पुरा गर्न सक्ने सम्भावना न्यून रहेको छ ।

१. **पारदर्शिता**

क. समितिको गठन पछि त्यसका **कार्यका सर्तहरू** सार्वजनिक गरिएको छैन । यी सर्तहरूले समितिको कार्य र दिने सुझावहरूको आवरण स्थापित गर्दछ र समितिले गर्न/नगर्न सक्ने सीमा बुझ्न अति आवश्यक हुन्छ ।

ख. छलफलको प्रक्रियाको सिलसिलामा आएका **प्रतिक्रियाहरू** समितिले प्रकाशित गर्ने कार्य गरेको छैन । समितिको अन्तिम प्रतिवेदनमा गलत भ्रम र विकृति रोक्न यो महत्वपूर्ण छ ।

२. **समयरेखा**

क. समितिको गठन विश्वव्यापी कोभिड-१९ (कोरोना) महामारीको बीचमा भएको थियो । यो लेख्ने समय सम्म संसारको कुनै पनि अन्य देशमा (संयुक्त राष्ट्र अमेरिका र ब्राजिल बाहेक) भारतको भन्दा बढी कोरोनको घटनाहरु भएका छैनन् । यस परिस्थितिबाट सिर्जना भएका सार्वजनिक स्वास्थ्यका भौतीक पुर्वाधारहरुमा पर्न गएको अत्याधिक भार र बेरोजगारीको उच्च दर जस्ता धैरै नकारात्मक असरहरूबाट भारतीय नागरिकहरू बाँच्ने प्रयास गरिरहेका छन् । यस्तो समयमा सरोकारवालाहरू बाट गहन र सम्लगनात्मक सहभागिता हुन सम्भव छैन ।

ख. वेबसाइटको अनुसार, समितिको उद्देश्य सारभूत, प्रमाण तथा कार्यविधि समेत गरेर फौजदारी कानुनहरुमा सुधार सिफारिस गर्ने हो । उदाहरण को लागी, सारभूत कानुनको भागमा ओगटिएको छ कि, कसूरहरू कसरी परिभाषित गरिनु पर्दछ; कुन आचरणलाई अपराध मान्नु पर्छ; अपराध गर्ने मनसाय नभएको व्यक्तिलाई कस्तो अवस्थामा सजाय हुनेछ; अपराध गर्ने उद्योग गर्ने कस्तो अवस्थामा जिम्मेवार हुनेछ; कसैले दोषी पाएमा राज्यले कस्तो प्रतिक्रिया देखाउनेछ; अपराधको सबै तत्वहरू उपस्थित भए पनि

प्रतिवादीलाई कस्तो अवस्थामा माफी दिनु पर्दछ; इन्डियन पीनल कोड, १८६० (आइ.पि.सि.) का कुन परिभाषाहरू संशोधन गरिनु पर्दछ; कहिले निष्क्रियतालाई दण्ड दिनु पर्दछ; कसूरहरु आइ.पि.सि. अन्तर्गत कसरी वर्गीकृत गर्नु पर्छ तथा 'त्यस्ता अन्य आवश्यक सुधारहरू ' । छ ओटा प्रश्नावालिहरूबाट समितिले पुनरावलोकन गर्ने तिन भाग मध्ये यो त केवल एक हो । तरपनि, यो पुरै छलफलको कार्य तिन महिनाको अवधिमा (४ जुलाई २०२० देखि ९ अक्टोबर २०२०) सम्पन्न गर्न खोजिएको छ । जम्मा ३०० भन्दा धैरै प्रश्नहरू हुने सम्भावना रहेको उक्त छ ओटा पश्नहरुको प्रतिक्रियाहरू बुझाउने समयावधि गाभिने किसिमले समितिले निर्धारण गरेको छ । **यति छोटो समयावधिमा पुरै फौजदारी न्याय प्रणाली परिवर्तन गर्न खोज्नु न त यथार्थिक छ न नै त्यो चाहिन्छ ।** सामान्य परिस्थितिमा पनि, नागरिकहरूलाई तीन महिना भित्र यी परिवर्तनहरूको चौडाईमा गई संलग्न हुन गाह्रो हुन्छ । महामारीको समयमा त यो लगभग असम्भव नै हो । सन्दर्भको हिसाबले हेर्ने हो भने फौजदारी न्याय सुधारसँग सम्बन्धित पछिल्लो कमेटीले (मालिमठ कमेटी) आफ्नो प्रतिवेदन तयार पार्न साढे दुई वर्ष लागेको थियो ।

**३. प्रश्नावली**

क. प्रश्नावलीहरू विस्तृत छन् । उदाहरणको लागी, छ (६) मध्ये पहिलो प्रश्नावलीमा मात्र 46 प्रश्नहरु संलग्न छन् । तर पनि प्रश्नावलीहरुमा पहिचान गरिएका क्षेत्रहरुमा **सुधारको आवश्यकता वा प्रसङ्ग** सम्बन्धी समितिले कुनै दिशा निर्देशन दिएको छैन । कानुनका यी क्षेत्रहरूलाई सुधारको आवश्यकता पर्न सक्छ भन्ने निर्णय समितिले कुन आधारमा गरेको हो ?

ख. प्रश्नावालिहरुको **खराब ढंगले लेखिएको** छ । अर्थ या त अस्पष्ट छ वा बुझ्न नमिल्ने छ र कहिलेकाँही प्रश्नहरुले निराधार अनुमानहरु गरेको छ । प्रयोग गरिएको भाषा निश्चय पनि कानुनी शिक्षाको फाइदा नभएकाहरूका लागि बिझ्ने किसिमको छैन । निम्न उदाहरणहरूले यी बुँदाहरू व्याख्या गर्न मद्दत गर्दछ ।

| |
|---|
| समितिको प्रश्नावलीहरूमा रहेका कमजोरीहरूको दृष्टान्त: 'निरपेक्ष दायित्व' (Strict Liability)<br>उपलब्ध गराइएको पहिलो प्रश्नावलीमा रहेको एक प्रश्न हो "आई.पि.सि.मा कसुरको वस्तु र प्रकृति सम्बन्धी कुन सिद्धान्तहरूले निरपेक्ष दायित्व लाग्ने कसूरहरूको परिचयलाई मार्गनिर्देशन गर्नु पर्छ ?" कानुनी क्षेत्र बाहिरको धैरैलाई 'निरपेक्ष दायित्व' |

मा के पर्छ भन्ने बारे थाहा हुदैन । न त समितिले 'निरपेक्ष दायित्व' आफुले कसरी बुझेको छ भनेर कुनै संकेत दिएको छ ।  यस शब्दलाई साधारण तरिकाले बुझाउँदा: सामान्यतया, एक कार्यलाई अपराध मानिन्छ केवल जब कसैले त्यो कार्य जानाजानी गर्दछ, वा निषेधित परिणाम ल्याउने अभिप्रायले गर्दछ ।  विस्तृत रूपमा भन्नुपर्दा, 'निरपेक्ष दायित्व' कसुरहरू ती हुन् जहाँ कार्य गर्ने व्यक्तिको मनसाय अप्रासंगिक हुन्छ ।  उदाहरण को लागी, यदि एक चेक अनादार हुन्छ, चेक जारी गर्ने व्यक्तिको उक्त छेक अमान्य गर्ने मनसाय थिएन भन्दैमा उनीलाई माफी दिइँदैन । त्यसैगरी अधिक गतिमा सवारी चलाउने व्यक्तिको चलाउन मिल्ने गतिभन्दा माथि चलाउने मनसाय नभएता पनि कानुनको दायराबाट छाड्न सकिदैन । तर, कानुन वा  शैक्षिक अध्ययनमा 'निरपेक्ष दायित्व' को अवधारणाको सिमाहरु के हुन् भनेर निश्चित छैन । यदि कुनै कसुर अभियुक्तको मनसाय नभई लापरवाह कार्यले घटेको रहेछ भने कहिँले यसलाई 'निरपेक्ष दायित्व' को कसूर भन्छन् । दोष नलाग्ने किसिमको कार्य नगरेको अभियुक्तलाई सजाय दिएको भए मात्र कानुनले 'निरपेक्ष दायित्व' आकर्षित हुन्छ भनेर अरुले भन्छन् । यो विचारधारा अनुसार एउटा लापरवाह अभियुक्तले दोष लाग्ने तरिकाले कार्य गरेकोले त्यस्तो कसुरलाई 'निरपेक्ष दायित्व' कसुर भन्न मिल्दैन । 'निरपेक्ष दायित्व' को बारे समितिको बुझाई थाहा नभईकन यस विषयमा भाग लिन असम्भव हुन्छ । त्यसमाथी, केही अवस्थामा 'निरपेक्ष दायित्व' स्वीकार्य रहन्छ भन्ने यस प्रश्नमा अनुमान लिएर यो कहिले/किन लागू गर्ने भनि प्रतिक्रिया मागिएको छ । 'निरपेक्ष दायित्व' कसूरको गम्भीर परिणाम रहेकोले  - गलत गर्ने मनसाय नभए पनि दोषी साबित गरिने - यो गम्भीर चिन्ताको विषय हो । साथै,  'निरपेक्ष दायित्व' कसुरको  आई.पी.सी.मा अभावलाई समस्या क्षेत्रका रूपमा पहिचान गर्न कस्तो अनुसन्धान गरिएको थियो भनेर देखाउन समितिको वेबसाइटमा कुनै पनि तथ्यांक उपलब्ध छैन ।

ग. समितिले प्रश्नावलीहरू क्रमबद्ध रूपमा जारि गर्ने योजना गरेको छ, पहिले सार, त्यसपछि कार्यविधि र अन्तमा, प्रमाण । कानुनका यी क्षेत्रहरूलाई क्रमिक रूपमा दखल गर्न व्यावहारिक हुँदैन किनभने सञ्चालनमा यी सबै एकसाथ बाँधिएका छन् । फराकिलो दृष्टिकोणमा कुरा गर्दा, सारभूत फौजदारी कानुनले अपराध के हो भनी वर्णन गर्दछ। कार्यविधि तथा प्रमाण कानुनले अदालतमा अपराध कसरी प्रमाणित हुन्छ भन्ने कुरालाई नियन्त्रण गर्दछ । सरोकारवालाहरूले नयाँ अपराधहरू थप्न वा विद्यमान अपराधहरू परिमार्जन गर्न सल्लाह दिन चाहन सक्छन्, तर केवल यो सर्तमा कि कार्यविधि तथा

प्रमाणिक सुरक्षण विधिहरूको सुनिश्चिताबाट पुर्पक्षको निष्पक्षताको सम्मान गरिनेछ। सार, कार्यविधि र प्रमाणलाई अलग्याएर ती बारे सुझावहरू दिन सम्भव छैन ।

**४. कार्यविधि**

क. समिति बारे सुचना विशेष गरी आफ्नै वेसाईटमा विज्ञापन गरिएको छ । समितिको छलफलमा भाग लिन यी **अनलाईन स्रोतहरुको** पहुँचमा भर परेको छ, ती भित्र कसरी जाने पत्ता लगाउने हो भनी जान्न पर्ने हुन्छ र वेसाईट संचालनको **भाषा** (अंग्रेजी) बुझ्न पर्ने हुन्छ । भाषाको अत्याधिक बाहुल्यता तथा इन्टरनेटको पहुँच कम भएको देशको सबैभन्दा उपयुक्त समयमा पनि यी वर्जित गर्ने किसिमका प्रक्रिया हुन् । अहिलेको महामारीको बेला अनलाईन  कछामा पहूँच  नपाएर भारतीय विद्यार्थीहरुले आत्महत्या गरेको समाचारले यो सत्यताको भयानक याद दिलाउँछ ।

**५. संरचना**

**क.** समितिमा जामा **पाँच सदस्य छन् र यी सबैको अर्के नियमित रोजगारी छ** । समितिको संचालनको संकुचित समयरेखालाई मध्यनजर गर्दा पुरा समय दिने सदस्य बिना सिमितिले सक्षम र लोकतान्त्रिक हिसाबले आफ्नो कार्य सम्पादन गर्न सम्भव छ जस्तो हामीलाई लाग्दैन ।

**ख.** समितिमा **जातीय, यौन, लैंगिक, धार्मिक, वा जाति अल्पसंख्यकबाट प्रतिनिधित्व छैन** जस्तो देखिन्छ । जहाँसम्म हामी भन्न सक्दछौं, त्यहाँ **श्रमजीवी वर्ग** वा **अपांग** समुदायहरूबाट प्रतिनिधित्व छैन । द्वन्दको क्षेत्र बाट त प्रतिनिधित्व छैन नै **उत्तर भारतको सिमित भौगोलिक क्षेत्र** भन्दा बाहिरको समितिमा कुनै सदस्य छैन । **नागरिक समाज संगठनहरू**बाट कुनै प्रतिनिधित्व छैन जो यी सीमान्तकृत समूहहरूसँग काम गर्दछन्, जसमध्ये धेरै जसो प्राय: अधिक-प्रहरिकरण गरिएका हुन्छन् र कम सुरक्षा पाएका हुन्छन् । प्रजातान्त्रिक वैधानिकताका लागि र सुधार प्रक्रिया अर्थपूर्ण र प्रभावकारी छ भन्ने कुरा सुनिश्चित गर्न फौजदारी कानुनबाट सबैभन्दा बढी पीडित व्यक्तिहरूलाई प्रक्रियाको हिस्सा बनाइनु पर्छ । उदाहरणका लागि समितिले गौरवको लागि गरिने हत्यालाई आई.पी.सी अन्तर्गत कुनै खास अपराध बनाइनु पर्छ कि पर्दैन र कसरी सजाय दिनु पर्छ भन्ने बारेमा विचारधारा मागेको छ । गौरवको लागि गरिने हत्या, सामान्यतया जाति, धर्म वा लैंगिकताको आधारमा सिर्जित शक्तिको संरचनालाई खडा गर्नको निमित्त गरिन्छ । यस सीमान्तकृतता बारे बोल्ने सदस्यहरू समावेश नगरी यस विषयमा सुधार ल्याउने आकांक्षा गर्नु हुँदैन ।

**ग.** कानुनको विवादास्पद क्षेत्रको परिक्षण र सर्वसाधारणसँग व्यापक परामर्श पश्चात सुधारको सिफारिसको उद्देश्यका लागि नै **भारतको कानुन आयोग** अवस्थित छ । कानुन आयोगको कुनै उल्लेख नै नगरी यस स्तर र महत्त्वको कार्यको लागि बाहिरि समितिको जिम्मा लगाउन को कुनै औचित्य छैन ।

**माथिका आलोचनाहरूको आधारमा समितिले तत्काल लागू हुनेगरी कार्य गर्न बन्द गर्न महत्त्वपूर्ण छ । यदि फौजदारी कानुनमा सुधार ल्याउने हो भने, यो एक पर्याप्त प्रतिनिधित्व सहितको समितिले समावेशी र पारदर्शी प्रक्रियाहरूको अनुसरण गरेर पर्याप्त परामर्श, सुसँगत विधिहरू मार्फत र एकपटक कोरोना महामारीको विनाशकारी प्रभावहरू समाप्त भइसकेपछि गर्नु पर्दछ।**